# नौकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा

बागमती प्रदेश नेपाल


सूचना.नं. १००-०८२/०८३

# याक प्रवर्द्धन कार्यक्रम सम्बन्धी प्रस्ताव आव्हानको सूचना

(प्रकाशित मिति २०८२/१२/२०)

नौकुण्ड गाँउपालिकामा आ.व २०८१/०८२ को संघिय सशर्त अनुदानमा स्वीकृत कार्यक्रममा "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तानन्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८१" बमोजिम देहायका कार्यक्रमहरु सञ्चालन गर्न इच्छुक कृषक समूह / समिति / सहकारी / सङ्घ / संस्था / कम्पनी / फार्मले यो सूचना. प्रकाशित भएको मितिले १५औ दिनसम्म कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रीत नपुगी वा म्याद नाधि प्राप्त प्रस्तावहरू छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | कार्यक्रम लागु हुने क्षेत्र |
|---|---|---|---|
| १ | याक प्रवर्द्दन कार्यक्रम | १ | नौकुण्ड गाउँपालिका |

प्रस्ताव पत्रका साथ सम्मिलित हुनु पर्ने कागजातहरु:

१. अनुसूची-२ अनुरुपको संक्षिप्त कार्ययोजना
२. अनुसूची-३ बमोजिमको निवेदन
३. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी
४. आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको प्रमाणको प्रतिलिपि
५. कार्ययोजना अनुरुपको योग्यता, तालीम र अनुभव जनाउने कागजात
६. सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपि
७. सङ्घ संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि
८. निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनरीहरूको हकमा स्पेसिफिकेशनको प्रतिलिपी
९. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाले कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि
१०. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाको कार्य समितिका पदाधिकारीहरूको नामावली
११. यसै प्रकृतिको कार्यका लागि बिगत दुई (२) वर्षमा अनुदान नलिएको स्वघोषणा पत्र

थप जानकारीका लागि फोन नं ९७०२१३१२९२ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

नोट-आवेदकहरूले निवेदन र संक्षिप्त कार्ययोजनाको डाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेबसाइट बाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सक्नेछन्।

प्रमुख प्रशासकीय अधिकृत

(सुर्य बहादुर तामाङ)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

सूचना तथा प्रविधि शाखा, *फेसबुक र वेवसाइटमा सूचना अपलोड गरिदिनुहुन* ।
वडा कार्यालयहरु सबै, *सूचना पाटीमा सूचना टाँस गरिदिनुहुन* ।



९८५१४३०२३३ info@naukundamun.gov.np https://naukundamun.gov.np/